नेपाल सरकार

उद्योग मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालय**

त्रिपुरेश्वर, काठमाण्डौं

# कम्पनीको रजिष्टर्ड कार्यालय सम्बन्धमा स्पष्ट गरिएको सम्बन्धि अत्यन्त जरुरी सूचना

कम्पनीको प्रबन्धपत्र को दफा २ र नियमावलीको नियम २ मा कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना शिर्षक अर्न्तगत कम्पनीको शाखा कार्यालय, मुख्य कार्यालय, सर्म्पक कार्यालय, कारोवार गर्ने स्थान, उद्योग रहने स्थान, कारखाना रहने स्थान, आयोजना कार्यालय, जलविधुत केन्द्र जस्ता विभिन्न एकाईहरुको ठेगाना उल्लेख हुने गरेको संर्दभमा कम्पनी ऐन २०६३ को दफा १८ को उपदफा (६) र दफा २० को उप दफा (४) मा प्रबन्धपत्र र नियमावलीको ढाँचा तोकिए बमोजिम हुनेछ भन्ने उल्लेख भएको र कम्पनी ऐन, २०६३ को दफा २ को देहाय खण्ड (ज्ञ) मा “तोकिए बमोजिम” भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिए बमोजिम सम्झनु पर्छ भन्ने उल्लेख भए बमोजिम नेपाल सरकारले मिति २०६४/०२/१४ को नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कम्पनीको प्रबन्धपत्र र नियमावलीको ढाँचा तोकेको हुँदा कानून बमोजिम तोकेको ढाँचामा प्रबन्धपत्रको दफा र नियमावलीको नियम २ मा कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना उल्लेख गरेको हुँदा दफा २ र नियम २ मा उक्त ढाँचामा अनावश्यक हेरफेर गरी कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना वाहेक अन्य कुराहरु उल्लेख गरी प्रबन्धपत्र र नियमावली दर्ताको लागि पेश गर्ने वा उक्त दफा २ र नियम २ लाई संशोधन गरी पेश गर्ने गरेको पाईन्छ । तोकिएको ढाँचा वाहेक अन्य कुरा उल्लेख गरी पेश भएको प्रबन्धपत्र र नियमावली कार्यालयले स्वीकार नगर्ने तथा प्रबन्धपत्रको दफा २ वा नियमावलीको नियम २ मा हेरफेर गरी पेश गरीएको संशोधन यस कार्यालयवाट अभिलेख प्रमाणीत नहुने व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रवन्धपत्र र नियमावलीको तोकीएको ढाँचामा तोकिएका कुराहरुको सम्बन्धमा तोकिए भन्दा अन्य व्यहोरा उल्लेख गरी पेश गरिएको प्रबन्धपत्र र नियमावली तथा सो मा गरिने संशोधन समेत कार्यालयवाट स्वीकार नहुने व्यहोरा जानकारी गराईन्छ ।

**रजिष्ट्रार**

**मिति : २०७४/१०/१४**